# नेपाल राजपत्र

## भाग ४

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ३१) काठमाडौं, वैशाख २ गते २०३८ साल (अतिरिक्ताङ्क १


### निर्वाचन आयोगको

### सूचना

राष्ट्रिय पञ्चायत (सदस्य निर्वाचन) ऐन, २०३३ को दफा १६ को प्रयोजनको लागि निर्वाचन आयोगले २०३८ सालमा हुने राष्ट्रिय पञ्चायत सदस्यको निर्वाचनको निमित्त देहायबमोजिम मतपत्रहरूको ढाँचा तोकेकोले सर्वसाधारणको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छः–

१. ताप्लेजुङ, पाँचथर, इलाम, तेन्हथुम, भोजपुर, धनकुटा, सोलुखुम्बू, खोटाङ, ओखलढुङ्गा, उदयपुर, रामेछाप, सिंधुली, धनुषा, रसुवा, मनाङ, गुल्मी, पाल्पा, अर्घाखाँची, कपिलवस्तू, मुस्ताङ, म्याग्दी, बाग्लुङ, पर्वत, रूकुम, रोल्पा, प्यूठान, सल्यान, जाजरकोट, दैलेख, सुर्खेत, बाँके, बर्दिया, डोल्पा, मुगू, जुम्ला, कालिकोट, हुम्ला, बाजुरा, अछाम, बझाङ, डोटी, कैलाली, दार्चुला, बैतडी, डडेलधुरा र कञ्चनपुर जिल्ला निर्वाचन क्षेत्रका लागि "क" वर्गका निर्वाचन चिन्हहरू भएको देहायबमोजिमको मतपत्र हुनेछः–

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।





**मतदान अधिकृतको सही**


आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१०४

२. संखुवासभा, मोरङ, सुन्सरी, सप्तरी, सिराहा, धोलखा, महोत्तरी, सर्लाही, नुवाकोट, सिन्धुपाल्चोक, भक्तपुर, ललितपुर, रौतहट, बारा, पर्सा, चितवन, गोरखा, लमजुङ, नवलपरासी र रूपन्देही जिल्ला निर्वाचन क्षेत्रको लागि "क" वर्ग र "ख" वर्गका निर्वाचन चिन्हहरू भएको देहायबमोजिमको मतपत्र हुनेछः–




आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।



**मतदान अधिकृतको सही**

द्रष्टव्यः– चौध जनासम्म उम्मेदवारहरू भएको जिल्ला निर्वाचन क्षेत्रको लागि "क" वर्गका निर्वाचन चिन्हहरू भएको, चौध जनाभन्दा बढी छब्बीस जनासम्म उम्मेदवारहरू भएको जिल्ला निर्वाचन क्षेत्रको लागि "क" वर्ग र "ख" वर्गका निर्वाचन चिन्हहरू भएको र छब्बीस जनाभन्दा बढी उम्मेदवारहरू भएको जिल्ला निर्वाचन क्षेत्रको लागि "क" वर्ग, "ख" वर्ग र "ग" वर्गका निर्वाचन चिन्हहरू भएको उपरोक्तबमोजिमका मतपत्र-हरूको ढाँचा तोकिएको छ ।

आज्ञाले–
मुरलीप्रसाद उपाध्याय
सचिव
निर्वाचन आयोग

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।